प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

नेपालगंज, बाँके

☎०८१-५२०२५४
Email:vethosbanke@gmail.com

पत्र संख्याः०७८।०७९

मितिः२०७८।०८।२०

प्रथम पटक प्रकाशित मिति : २०७८।०८।२०

**व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालनका लागि सूची दर्ता सम्बन्धी सुचना**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द, बाँकेको आ.व. २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्लामा प्राथमिकता प्रास वाली/वस्तुमा परियोजना कार्यान्वयन म्यनुअलको व्यवस्था बमोजीम व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) कार्यक्रम (गाई/भैसी, बाखा, बंगुर, माछा) रहेकोमा उक्त कार्यक्रम संचालन गर्नको लागि सुचना प्रकाशन हुनु पुर्व दर्ता भएका ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनी वन/जल उपभोक्ता समितिहरुको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यनुअलको अनुसुची ६ र ७ अनुसारका कागजात तयार गरी सम्बन्धित स्थानिय तहको सिफारिसमा यो सुचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०७८।०९।२०) भित्र प्रस्ताव पेश गर्न हुन सबै योग्य आवेदकहरुलाई जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

**कार्यक्रम संचालन हुने वस्तु तथा मापदण्डहरु :-**

| क.सं | वस्तु | ब्लक संचालनको लागी न्युनतम मापदण्ड | संचालन हुने क्रियाकलापहरु | कार्यक्रम संचालनको लागत साझेदारी | अनुदान |
|---|---|---|---|---|---|
| १ | गाई/भैसी ब्लक-१ | **गाई संख्या**<br>उन्नत :- २००<br>स्थानीय/वर्णशंकर :-६००<br>**भैंसी संख्या**<br>उन्नत :- २००<br>स्थानीय/वर्णशंकर :-४०० | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यनुअलको तालिका ४ अनुसारका क्रियाकलाप | पशु उत्पादन सामाग्रीहरु पशु नश्ल, खोर /गोठ सुधार, पशुआहारा विकास, पशु स्वस्थ्य लगायतका क्रियाकलापहरुमा कार्यक्रमको कुल लागतको ५० प्रतिशत अनुदान, प्राविधिक सहयोग बृद्धिमा १०० प्रतिशत अनुदान, उत्पादनोपरन्त तथा कृषि/पशु व्यावसाय सेवा पुर्वाधारहरु बृद्धिमा ८५ प्रतिशत अनुदान<br>**( प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार कार्यक्रम संचालन गर्नुपर्नेछ )** | गाई/भैसी ब्लक संचालनका लागी बढिमा ७० लाख सम्म । |
| २ | बाखा ब्लक-१ | बाखा संख्याः- ५००० | | | बाखा ब्लक संचालनका लागी बढिमा ३५ लाख सम्म । |
| ३ | बङगुर ब्लक-१ | माउ संख्या :-५०० | | | बङगुर ब्लक संचालनका लागी बढिमा ३५ लाख सम्म |
| ४ | माछा ब्लक-१ | माछा – ६० हेक्टर श्रेत्रफल (जलाशय) | | | माछा ब्लक संचालनका लागी बढिमा ४० लाख सम्म |

**नोटः- गाई/भैसी ब्लक संचालनका लागि २००० लिटर प्रति दिन दुध संकलन गर्ने कृषक, उद्यमी वा समुह/ सहकारी हुनु पर्नेछ ।**

आवश्यक कागजातहरु

१.निवेदक समुह तथा सहकारीको दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र, स्थायी लेखा प्रमाण-पत्र

२.सम्बन्धित वडा/गा.पा./न.पा. को सिफारिस पत्र

३.कृषक तथा पशुसम्बन्धी तथ्याङक विवरण

४. निवेदक समुह वा सहकारी अध्यक्षको नागरिकता प्रमाण-पत्र ।

**नोट** : कार्यक्रम संचालन सम्बन्धि अन्य विषयहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार हुनेछ। अनुसूचीहरू यस कार्यालयको वेवसाइट : www.banke.vethos.gov.np थप जानकारीका लागी कार्यालयको फोन नं. ०८१-५२०२५४ वा ९८५८०४४७७४ मा सम्पर्क राख्न सकिन्छ ।

कमला अधिकारी
प्रमुख
पशु विकास अधिकृत